श्री ५ को सरकार

भूमि सुधार मन्त्रालयको

सूचना

भूमि विभागका निर्देशक श्री श्रीकण्ठ शर्मा सर्लाही जिल्लामा अतिक्रमण गरी बसेका व्यक्तिहरूको व्यवस्था गर्न गठित आयोगमा खटिई जानु भएकोले उहाँ काजबाट फर्की नआए-सम्मको लागि श्रृजना भएको निर्देशकको विशेष पदमा उहांको पदाधिकार रहेको निजामती सेवा नियमावली २०२१ को नियम ८. २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तत्र सहिछार गर्ने अधिकारीले त्यस विभागका उप-निर्देशक श्री रामबहादुर के.सी. लाई मिति ०२८।१०।२९ देखि कायम मुकायम पुकरर गरेको छ ।

रामबहादुर रावल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

भूमि सुधार मन्त्रालयको

सूचना

श्री ५ को सरकारले मिति २०२८।१०।४।३ को निर्णयानुसार जिल्ला भूमिसुधार कार्यालय इलाम र काश्कीका शाखा अधिकृतहरूलाई क्रमशः इलाम र काश्की जिल्ला भूमि-सुधार कार्यालयको भूमिसुधार अधिकारीको अधिकार प्रयोग गर्न पाउने गरी तोकेको छ ।

आज्ञाले-
रामबहादुर रावल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।